आज मिति २०८२।०८।१० गते बुधबारका दिन दिउँसो ०२:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्दुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मितिः २०८२।०८।१० गते गाउँ कार्यपालिका बैठक नं. ७२

| क्र.सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | गाउँपालिकाको प्रशासकीय भवन सम्बन्धमा। | |
| ३ | कार्यविधि सम्बन्धमा। | |
| ४ | चौमासिक खर्च सम्बन्धमा। | |
| ५ | उपभोक्ता समितिद्वारा कार्यान्वयन गरिने योजना तथा कार्यक्रम सम्बन्धमा। | |
| ६ | उपभोक्ता समितिले प्रयोग गर्ने यन्त्रउपकरण सम्बन्धमा। | |
| ७ | गाउँ विपद् व्यवस्थापन समितिको निर्णय सम्बन्धमा। | |
| ८ | विद्यालय बस खरिद सम्बन्धमा। | |
| ९ | ECD कक्षा संचालन सम्बन्धमा। | |
| १० | मकवानपुर रिकभरिङ समूहलाई सहयोग सम्बन्धमा। | |
| ११ | विविध १, २, ३, ४ र ५ | |

सर्केश घलान
अध्यक्ष

मिति: २०८२।०८।१० गते

बैठक नं. ७२

*निर्णय नं. ०१*

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०२*

प्रस्तावित विषय नं. ०२ माथि गर्दा नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत चालु आ.व. २०८२/०८३ को पहिलो चरणमा यस बागमती गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि छनौट भएको एवं बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रममा गाउँपालिकाको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारी बापत गाउँपालिकाको प्रशासकीय भवन निर्माण शीर्षकमा रु.२,००,००,०००।-(अक्षरेपि दुई करोड रुपैयाँ) विनियोजन गरिएको हुँदा सोको कार्यान्वयनार्थ बागमती गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ तयार पारिएको DPR मा उल्लिखित देहाय अनुसारको लागत अनुमानको आधारमा बहुबर्षीय ठेक्का आह्वान गरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो। साथै ठेक्का आह्वान, सम्झौता, कार्यादेश लगायतका आवश्यक सम्पूर्ण जानकारी सम्बन्धित निकायलाई समयमा नै जानकारी गराई थप सरलीकृत गर्न समेत निर्देशन दिने निर्णय गरियो।

देहाय

**Summary of Cost**

| S. N. | Description of work | Amount | Remarks |
|---|---|---|---|
| A | **Civil work** | | |
| | Admin Building | Rs. 73,496,254.77 | |
| | Emergency Staircase | Rs. 3,203,865.95 | |
| | **Total civil work** | **Rs. 76,700,120.72** | |
| B | **Sanitary Work** | Rs. 4,253,137.22 | |
| C | **Electrical Work** | Rs. 3,392,223.51 | |
| D | **Sum without Vat and contingencies (A+B+C)** | **Rs. 84,345,481.45** | |
| E | **Provisional Sum** | | |
| | a) Provisional (Insurance and etc..) | Rs. 678,100.00 | |
| | b) Material Test | Rs. 352,410.00 | |
| | c) Supplying of as built drawing all complete | Rs. 150,000.00 | |
| | d)Project Information Board | Rs. 10,000.00 | |
| | **Sub-total** | **Rs. 1,190,510.00** | |
| K | **Vat @ 13% of D+E** | **Rs. 11,119,678.89** | |
| L | **Grand Total Cost (D+E+K)** | **Rs. 96,655,670.34** | |

सर्केश घलान
अध्यक्ष

CamScanner

*निर्णय नं. ०३*

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई देहायानुसारको कार्यविधिको मस्यौदा निर्माणका लागि अनुरोध गरिएकोमा उक्त कार्यविधिको मस्यौदा तयार भइ आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा सो कार्यविधिको मस्यौदाका दफाहरुमा दफावार छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | गाई/भैंसीको गोठ सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२ | स्वीकृत |
| २ | बागमती गाउँपालिकाको श्रम बैंक संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ | स्वीकृत |

साथै, बागमती गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई देहायानुसारको कार्यविधिको मस्यौदा तयारीका लागि अनुरोध गर्ने निर्णय गरियो।

देहाय

| क.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिकाको सुरक्षित आप्रवासन कार्यविधि, २०८२ | |

*निर्णय नं. ०४*

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, प्रदेश सवारी कर, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, आन्तरिक स्रोतबाट प्राप्त आय, अघिल्लो आ.व. को मौज्दात (अ.ल्या), गत विगत आ.व. को दायित्व भुक्तानी, विभिन्न गैरसरकारी संघ/संस्था सँगको समन्वय, सहयकार्य र साझेदारीमा गरिने बजेट तथा कार्यक्रमहरु लगायत गाउँपालिकामा प्रथम चौमासिक (मिति २०८२।०४।०१ देखि २०८२।०७।३० सम्म) अवधिमा प्राप्त ***अनुसूची-१*** बमोजिमको चौमासिक आम्दानी प्रतिवेदन र ***अनुसूची-२*** अनुसारको खर्च विवरण स्वीकृत गरी अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०५*

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ अनुसार उपभोक्ता समिति मार्फत एक करोड रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण वा सो सम्बन्धी सेवा गराउने व्यवस्था मुताविक गत विगतमा पनि यस गाउँपालिकाको हकमा उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दिँदै आएको एवं रु.१० लाख सम्मको स्तरोन्नति लगायतका पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरुको हकमा समेत साना प्रकृतिका योजना कार्यान्वयनमा प्रशासनिक झन्झट हुने, उपभोक्ता समितिबाट कार्यान्वयन गराउँदा बढी काम हुने, उपभोक्ता समितिबाट योजना कार्यान्वयन गराउँदा कम्तीमा १०% जनसहभागिता बापत लागत अनुमानको रकम ब्यहोर्ने गरिएकोले कार्य प्रगति अन्य खरिद प्रक्रिया भन्दा बढी देखिने तथा उपभोक्ताहरुको अपनत्व हुने, कम अवधिमा सम्पन्न, मर्मत तथा सम्भारको पनि जिम्मेवारी लिने हुँदा उक्त संरचनाहरु दिगो तथा समुदायमुखी देखिने, ठेक्का

सर्केश घलान
अध्यक्ष

आह्वान मार्फत निर्माण व्यवसायीबाट कार्यान्वयन गराउँदा प्रक्रिया लामो र ढिलो हुने, उपभोक्ता समितिद्वारा काम गराउँदा गुणस्तरीय एवं प्रभावकारी हुने, अपनत्व हुने, स्थानीय स्रोतसाधन सदुपयोग हुने, स्थानीय रोजगारीको सृजना हुने, जग्गा तथा अन्य विवादहरुको तत्काल समाधान हुने लगायतका विविध कारणहरुले गर्दा उपभोक्ता समितिद्वारा कार्यान्वयन गराउँदै आईरहेकोमा सकेसम्म भवन निर्माण एवं मर्मत सम्भार, स्लाब ढलान, कल्भर्ट निर्माण लगायतका स्ट्रक्चर निर्माण गराउँनु पर्ने प्रकृतिका योजनाहरु प्याकेजमा मर्ज गरी (NCB & Sealed Quotation) ठेक्का व्यवस्थापन मार्फत कार्यान्वयन गर्ने, त्यो सम्भव नभएमा ग्राह्य फर्महरुसँग कोटेशनमा प्रतिस्पर्धा गराएर सोझै खरिद गर्ने, गराउने, यदि उपभोक्ता समिति मार्फत नै गराउनु पर्ने अवस्था सिर्जना भएमा उपभोक्ता समितिको भूमिका समेत थप सुदृढ एवं प्रभावकारी हुने गरी Site मा Approach हरु समेत थप गरी न्यूनतम १०% Users Contribution र अधिकतम् योजना कार्यान्वयनको लक्ष्य तथा उद्देश्य अनुसार आवश्यकताको आधार गर्ने, गराउने र उपभोक्ता समतिको अपनत्व, दायित्व एवं जिम्मेवारीलाई थप सुदृढ गर्न, गराउन तथा योजनाको दिगोपनाको लागि गाउँपालिकाबाट उक्त योजनामा हुने कुल भुक्तानीको ५% रकम मर्मत सम्भार कोष खडा गरी अनिवार्य रुपमा उक्त कोषमा रकम जम्मा गर्नुपर्ने र सो रकम योजना सम्पन्न भएको मितिले १ बर्ष भित्रमा सो योजनाको मर्मत सम्भार गर्नु परेमा प्राविधिकको सिफारिसमा मर्मत सम्भार गरी, गराई खर्च लेखाङ्कन गर्ने यदि १ बर्ष भित्र योजनाको मर्मत सम्भार गर्नुपर्ने अवस्था नआएमा प्राविधिकबाट स्थलगत निरीक्षण गरी गाउँ कार्यपालिकाको कार्यालयलाई सिफारिस गरिएको खण्डमा उक्त मर्मत सम्भार कोषमा जम्मा गरिएको रकम अन्य कुनै योजनामा प्राविधिक लागत अनुमानको आधारमा प्रयोग गर्न अनुमति दिने एवं आपसी समझदारीमा सोही योजनामा वा आवश्यक अन्य थप योजना निर्माण गरी गाउँपालिकाले मर्मत सम्भार कोषमा जम्मा गरिएको रकममा १००% थप गरी कार्यान्वयन गर्ने, गराउने सर्वसम्मतिमा निर्णय गरियो। साथै बागमती गाउँपालिका अन्तर्गतका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि गठित उपभोक्ता समितिहरुलाई क्रमशः दर्ता प्रक्रियामा समावेश गरी नियमन एवं व्यवस्थित गर्ने निर्णय गरियो।

*__निर्णय नं. ०६__*

**प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा उपभोक्ता समिति मार्फत कार्य गराउँदा सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९७ को उपनियम ९ बमोजिम लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन (एक्साभेटर, ब्याक हो लोडर, रोलर लगायतका हेभी मेशिन) प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिन्छ भन्ने व्यवस्था बमोजिम यस गाउँपालिकाको भौगोलिक अवस्थिति एवं अवस्था अत्यन्त जटिल रहेकोले खन्ने तथा पुर्ने कार्यमा मानिसद्वारा कार्य गराउँदा कार्यप्रगति निकै कम तथा लागत खर्च बढी लाग्ने भएकोले उक्त कार्यको लागि हेभी मेशिन प्रयोग गर्नुपर्ने अवस्थामा हेभी मेशिन राखी लागत अनुमान तयार गर्ने र हेभी मेशिन प्रयोग गर्न नपर्ने सामान्य अवस्थामा मात्र मानिस प्रयोग गरी लागत अनुमानमा राखी योजनाको कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीय मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*__निर्णय नं. ०७__*

**प्रस्तावित विषय नं. ०७** माथि छलफल गर्दा मिति २०८२/०८/१० गते बसेको बागमती गाउँपालिकाको गाउँ विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु स्वीकृति एवं अनुमोदनका लागि आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त समितिका निर्णयहरु उपर छलफल गरी सबै निर्णहरु स्वीकृत गर्ने र यथाशीघ्र कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

निर्णय नं. ०८

प्रस्तावित विषय नं. ०८ माथि छलफल गर्दा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेटको योजना तथा कार्यक्रम अन्तर्गत "विद्यालय बस खरिद" शीर्षकमा यस गाउँपालिकाको वडा नं. ०२, राईगाउँमा अवस्थित **श्री बागमती माध्यमिक विद्यालयलाई** विद्यालय बस खरिदका लागि **रु. २५,००,०००।०० (अक्षरेपि पच्चीस लाख रुपैयाँ)** विद्यालयलाई रकम निकासा भएकोमा उक्त विद्यालयले गत आ.व. मा सो शीर्षकमा अनुदान प्राप्त गरेता पनि विविध प्राविधिक समस्याका कारण विद्यालय बस खरिद गर्न नसकिएको सन्दर्भमा यस गाउँपालिकाबाट अपुग रकम उपलब्ध गराउने गत आर्थिक वर्षमा प्रतिवद्धता गरे अनुसार अपुग रकम उपलब्ध गराउने एवं सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ बमोजिम विद्युतीय बोलपत्र (E-Bidding) मार्फत खरिद प्रक्रिया अगाडि बढाई बोलपत्र आह्वानको कार्यमा सहजीकरण गरिदिन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकालाई निर्देशन दिने र निर्दिष्ट Specification एवं लागत अनुमानको आधारमा खुल्ला प्रतिस्पर्धाबाट खरिद गराउँदा घटाघटमा हुन आउने न्यूनतम कबोल अंकमा विद्यालय बस खरिदका लागि प्राप्त रु. २५,००,०००।०० मा जति पुग्दैन त्यति रकम मात्र गाउँपालिकाले व्यहोर्ने सर्वसम्मतिमा निर्णय गरियो।

निर्णय नं. ०९

**प्रस्तावित विषय नं. ०९** माथि छलफल गर्दा यस बागमती गाउँपालिकाको वडा नं. ०२, बतासे डाँडाको गाउँमा बसोबास गर्ने १३ घरधुरीका बालबालिका सो गाउँबस्तीबाट नजिकमा रहेको विद्यालय श्री आधारभूत विद्यालय आउन करिब दुई घण्टा लाग्ने र बाटो समेत आवतजावत गर्न सहज नभएको र उक्त बस्तीका विद्यालय उमेर समूहका बालबालिकाहरु हालसम्म औपचारिक शिक्षाबाट बञ्चित रहेको विवरण सहित सो बालबालिकाहरुले पढ्न पाउनु पर्ने नैसर्गिक हक तथा अधिकारको सुनिश्चितताका लागि वडा नं. ०२ को कार्यालय तथा श्री आधारभूत विद्यालयबाट प्रारम्भिक बालविकास केन्द्र (ECDC) नयाँ कोटा थप एवं शिक्षक व्यवस्थापनका लागि माग भइ आएको साथै यस गाउँपालिकाबाट समेत सो स्थान (बस्ती) को स्थलगत अध्ययन तथा अनुगमन पनि भएको र नेपालको संविधान, २०७२ को धारा ३१ को उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत तहमा पहुँचको हक हुनेछ। साथै उपधारा २ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने .व्यवस्थालाई कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारको पनि भएकोले सो व्यवस्थाको मर्म अनुरुप वडा नं. ०२, शाखाटारमा अवस्थित श्री आधारभूत विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र (ECDC) नयाँ कोटा थप एवं शिक्षक व्यवस्थापन गरी नयाँ केन्द्रको मातृ विद्यालय श्री आधारभूत विद्यालय शाखाटार रहने गरी प्रारम्भिक बालविकास केन्द्र (ECDC) को सञ्चालनका लागि अनुमति दिने र एक जना शिक्षक समेत उपलब्ध गराई वडा नं. ०२ को बतासे गाउँमा प्रारम्भिक बालविकास केन्द्र (ECDC) संचालन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

निर्णय नं. १०

प्रस्तावित विषय नं. १० माथि छलफल गर्दा मकवानपुर रिकभरिङ समूहको च.नं. ०१३/०८२/०८३, मिति २०८२/०८/०९ गतेको प्राप्त पत्रानुसार उक्त समूहलाई सहायता प्रदान गर्ने प्रयोजनार्थ बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा विभिन्न संघसंस्थाहरुसँग साझेदारी, सहकार्य एवं सहयोग कार्यक्रम शीर्षकमा विनियोजित बजेट मध्येबाट रु. १ लाख ५० हजार उपलब्ध गराउने सर्वसम्मतिमा निर्णय गरियो।

निर्णय नं. ११

प्रस्तावित विषय नं. ११ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.ब. २०८२।०८३ मा विनियोजित आपत् विपद्मा परेका स्थानीय नागरिकहरुलाई आर्थिक सहायता प्रदान खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | हिरालाल थिङ | बागमती-०८ | १,००,०००।- | क्यान्सर पीडित |
| २ | लोक बहादुर भोलन | बागमती-०३ | १५,०००।- | |
| ३ | लाल कुमारी वि.क. | बागमती-०४ | १५,०००।- | |
| ४ | चतुरमान रखाल | बागमती-०५ | ३०,०००।- | |
| ५ | सर्मिला भोलन | बागमती-०२ | १५,०००। | |

साथै बागमती गाउँपालिका वडा नं. ०५ का पदम बहादुर आलेमगरका छोरा सिताराम आलेमगर पूर्ण अपाङ्गता भएको हुँदा निजलाई आवश्यक पर्ने ह्वीलचेयर खरिद गरी उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

२. राईगाउँ बजार लिफ्ट टोल सिँचाई जल उपभोक्ता समितिको पत्र संख्या ०८२/०८३, च.नं. ०१, मिति २०८२/०८/०५ गतेको प्राप्त पत्रानुसार राईगाउँ बजार लिफ्ट टोल सिँचाई जल उपभोक्ता समितिद्वारा उक्त लिफ्ट सिँचाई आयोजनामा प्रयोग भएको ५० के.भि. क्षमताको ट्रान्सफर्मरमा समस्या आई ट्रान्सफर्मर मर्मतका लागि Allied Power Engineering मा मर्मतका लागि पठाईएकोमा उक्त मर्मत गर्न पठाईएको Engineering बाट मर्मत बापत रु. २,१६,३४९।८० (अक्षरेपि दुई लाख सोह्र हजार तीन सय उनानपचास रुपैयाँ असी पैसा) रकम लाग्ने भनि Estimate प्राप्त भएको हुँदा बागमती गाउँपालिका र राईगाउँ बजार लिफ्ट टोल सिँचाई जल उपभोक्ता समिति बीचमा लागत साझेदारी बहन हुने गरी उक्त कुल Estimate रकम रु. २,१६,३४९।८० (अक्षरेपि दुई लाख सोह्र हजार तीन सय उनानपचास रुपैयाँ असी पैसा) मध्ये रु.१,००,०००।-(अक्षरेपि एक लाख) बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा अन्य सार्वजनिक निर्माण शीर्षकमा विनियोजित बजेट मध्येबाट खर्च हुने गरी बिलको आधारमा भुक्तानी दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

३. किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन निर्देशिका, २०७९ को दफा १२ बमोजिम देहायानुसार स्थानीय समन्वय समिति गठन गर्ने।

देहाय

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सर्केश घलान | संयोजक | |
| २ | फणिन्द्र कुमार तिमल्सिना | सह-संयोजक | |
| ३ | कमान सिं पाखिन | सदस्य | |
| ४ | तिलक बहादुर पाखिन | सदस्य | |
| ५ | आयुषा वाईबा | सदस्य | |
| ६ | प्रवेश पाखिन | सदस्य | |
| ७ | श्रेया सिग्देल | सदस्य | |
| ८ | प्रकाश चन्द | सदस्य | |
| ९ | दिनेश कुमार गुप्ता | सदस्य | |
| १० | अम्बिका मिश्र | सदस्य | |
| ११ | ओम बहादुर दर्जी | सदस्य-सचिव | |

४. सम्मानित उच्च अदालत, पाटन, ललितपुरमा दायर भएको यस बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बिरुद्धको मुद्दा (रिट निवेदन नं. ०८२-WO-०१७३) को लिखित जवाफ पेश गरी बहस पैरवी गर्न तथा तारिखमा रहि यस कार्यालयको प्रतिनिधिको रुपमा कार्यसम्पादन गर्न अधिवक्ता श्री प्रेम बहादुर थोकर (प्र.प्र.नं. १३८८१) लाई अख्तियारी प्रदान गर्ने।

५. बागमती गाउँपालिकाको चमेना गृह व्यवस्थापन कार्यविधि, २०८१ को दफा ६ को उपदफा ५ बमोजिम चमेना गृहको सञ्चालनको लागि धरौटी रकम बापत न्यूनतम रु.१,८०,०००/- मा अधिकतम बोलकबोल वार्षिक भाडाको ५० प्रतिशत कायम गर्ने र सो रकम छनौट भएको संचालकले सम्झौताको बखत १ महिनाको अग्रिम भाडा सहित धरौटी रकम गाउँपालिकाको धरौटी खातामा र १ महिनाको अग्रिम भाडा बापतको रकम आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने व्यवस्थाको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

सर्केश घलान
अध्यक्ष

CamScanner